ब्रह्मपुरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**ब्रह्मपुरीसर्लाही ,**

Brahmapuri Rural Municipality

## Office of Rural Municipal Executive

Brahmapuri, Sarlahi

मधेशप्रदेश, नेपाल
Madhesh Province, Nep

**प.सं. )Letter No.** ~~२०८ .(२०८/४~~ ०८३/०८४

**च) .नं.Ref. No.:(**

ब्रह्मपुरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ब्रह्मपुरी, सर्लाही मधेश प्रदेश, नेपाल २०७२

मिति : २०८३।०६।२८

विषय : उपभोक्ता समिति तथा अनुगमन सहजीकरण समिति गठन हुने सूचना प्रकाशित गरिएको वारे ।

उपरोक्त सम्वन्धमा यस ब्रहम्पुरी गा.पा. अन्तर्गत आ.व. ०८३।०८४ मा संचालन हुने गापास्तरीय तपसिलका योजनाहरु संचालन गर्नुपर्ने भएकोले गापा अध्यक्ष/उपाध्यक्ष वा योजना संचालन हुने सम्वन्धित वडाको वडाध्यक्ष/वडासदस्यको अध्यक्षता तथा सम्वन्धित वडाको वडा सचिवको रोहवरमा तपसिलका अनुसारको मिति तथा स्थानमा निम्न शर्तहरुको अधिनमा रही उपभोक्ता समिति तथा अनुगमन सहजीकरण समिति गठन हुने भएकोले यो सूचना प्रकाशन गरिएको छ । उक्त मितिमा व्यापक आम भेला भई उपभोक्ता समिति तथा अनुगमन सहजीकरण समिति गठन कार्यमा सहयोग गरिदिनुहुन सम्वन्धित सरोकारवालाहरुलाई यसै सूचनावाट अनुरोध गरिन्छ ।

तपसिल

| क.सं. | योजनाको नाम | विनियोजित बजेट | मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १ | नोकैल्वाको विभिन्न ठाउँको अधुरो वाटो ढलान | १० लाख | २०८३।०७।१० गते | जोर्लाही पोखरीको सार्वजनिक धर्मशाला | विहान ११ बजे देखि |
| २ | नोकैल्वाको समसान घाट जाने सडक मर्मत कार्य | ७ लाख | | | |
| ३ | नोकैल्वाको डिहवार मन्दिर सौन्दर्यकरण | १० लाख | | | |
| ४ | नोकैल्वाको गढी मन्दिरको बाँकी काम | २० लाख | | | |
| ५ | नोकैल्वाको राजदेवी मन्दिर र ब्रह्मबावा मन्दिरको बाँकी काम | १० लाख | | | |
| ६ | जोर्लाही पोखरी सौन्दर्यकरण | १० लाख | | | |
| ७ | पिपल बोट देखि जोर्लाही पोखरी सम्म सडक ढलान | १० लाख | | | |
| ८ | पिपराको महादेव मन्दिरको कम्पाउण्डवाल सहितको सौन्दर्यकरण | ९ लाख | २०८३।०७।११ गते | रामजानकी मन्दिरको कम्पाउण्डमा | विहान ११ बजे देखि |

**शर्तहरु :-**

१. उपभोक्ता समिति गठन गर्दा आयोजना कार्यान्वयन हुँदा आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने घर परिवारको पहिचान गरी त्यस्ता घर परिवारको आम भेलावाट सम्वन्धित आयोजना स्थलमा नै कम्तीमा ३३% महिला सहित ७ देखि ११ सदस्यीय उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

लाल
शाखा अधिकृत
योजना शाखा

ब्रह्मपुरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**ब्रह्मपुरीसर्लाही,**

Brahmapuri Rural Municipality

## Office of Rural Municipal Executive

Brahmapuri Sarlahi

**प.सं.** )**Letter No.**२०८०/२०८१/४

**च**) .**नं.Ref. No.**:(

मधेशप्रदेश, नेपाल
Madhesh Province, Nepa

२. उपभोक्ता समिति गठन गर्दा उपभोक्ता समितिमा रहेको व्यक्ति बाहेकका व्यक्तिहरुवाट र महिला सहित ३ (तीन) सदस्यीय योजना अनुगमन समिति समेत गठन गर्नुपर्नेछ ।

३. अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये एक जना महिला अनिवार्यरुपले हुनुपर्ने र निजहरु तिनै जनावाट वैंक खाता संचालन हुने हुँदा निजहरुको नागरिकताको प्रतिलिपि र २/२ प्रति फोटो सहित पेश गर्नुपर्नेछ ।

४. उपभोक्ता समितिमा सर्वदलीय संयन्त्रमा भाग लिने प्रतिनिधिहरु, सरकारी कर्मचारी, शिक्षक, सार्वजनिक पद धारण गरेको व्यक्ति, निर्माण व्यवसायी, सरकारी पेश्की वा वेरुजु फछ्यौट नगरेको व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा रहेको व्यक्ति र एकासगोलको परिवारवाट एक जना भन्दा वढी व्यक्ती समितिको सदस्य हुन पाईने छैन ।

५. गठित उपभोक्ता समिति गाउंपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

६. उपभोक्ता समितिले योजना प्रारम्भ गर्नु अघि योजना स्थलमा योजनाको सूचना पाटी अनिवार्य रुपमा राख्नु पर्नेछ ।

७. प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने कर्मचारी, व्यक्ति वा संस्थालाई समेत प्रचलित कानून वमोजिम कार्यवाही हुनेछ ।

.......................
सत्यनारायण लाल
शाखा अधिकृत

**बोधार्थ तथा कार्यार्थ**

श्री उपाध्यक्षज्यू/६ नं. वडा अध्यक्ष/६ नं. वडा सचिव ज्यू
ब्रह्मपुरी, सर्लाही : उपरोक्त अनुसारको मिति, समय र स्थानमा नियमानुसारको उपभोक्ता समिति तथा अनुगमन समिति गठन गरी पठाउनुहुन ।

श्री प्राविधिक शाखा
ब्रह्मपुरी गापा, सर्लाही : उपरोक्त योजनाभ
हरुको लागत ईष्टिमेट वनाई उपलब्ध गराउनु हुन ।

श्री सूचना तथा प्रविधि शाखा
ब्रह्मपुरी गापा, सर्लाही : ब्रह्मपुरी गापाको वेभसाईट तथा फेसवुक पेजमा सूचना प्रकाशन गरिदिनुहुन ।